# इनरूवा नगरपालिका, नगर कार्यपालिको कार्यालय

*इनरुवा, सुनसरी*

***विषय : ठेक्काको शिलबन्दी बोलपत्र आव्हानको ३० दिने सुचना (प्रथम पटक प्रकाशित मिति : २०७५।२।१९ गते)***

यस इनरूवा नगरपालिका क्षेत्र भित्रका सोमवारे मवेशी हाट, सोमवारे विहिवारे तथा न.पा. क्षेत्र भित्र दैनिक लाग्ने गुद्री हाट र कृषि बजार, ऐन नियमानुसार उठाउन पाउने (राष्ट्रिय राजमार्ग र सहायक राजमार्ग देखि बाहेक) स्थानीय पुर्वाधार शुल्क (न.पा. क्षेत्र भित्र), पार्किङ्ग शुल्क, सार्वजनिक शौचालय शुल्क आ.ब. ०७५।०७६ मिति २०७५।४।१ गते देखि २०७६ आषाढ मसान्त सम्म बर्ष १ (एक) का लागि ठेक्का बन्दोबस्त गरी ठेक्काबाट उठाउने न.पा. को मिति २०७५।२।७ गतेको निर्णय अनुसार यो सूचना प्रकाशित गरिएको छ । इच्छुक फर्म/ब्यक्तिहरूले ठेक्का लिन चाहेमा तपशिलको शर्त बन्देजमा रहि गोप्य शिलबन्दी बोलपत्र इनरूवा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, इनरूवा, सुनसरीमा दाखिला गर्न हुन सर्वसाधारण सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

*शर्तहरु*

१. न्यूनतम ठेक्का अंक :-

क. हाटवट्टि कर रू. ६४०००००।००।०० ( अक्षरेपी रू. चौसठ्ठी लाख मात्र)
ख. मवेशी कर रू. १९०००००।०० ( अक्षरेपी रू. उन्नाईस लाख मात्र)
ग. स्थानिय पुर्वाधार शुल्क कर रू. १८५२०००।०० (अक्षरेपी रू. अठार लाख वावन्न हजार मात्र)
घ. सवारी पार्किङ्ग शुल्क रू. ४०००००।०० (अक्षरेपी रू. चार लाख मात्र)
ङ. सार्वजनिक शौचालय रू. ६६५००।०० (अक्षरेपी रू. छयासठ्ठी हजार पांच सय मात्र)

२. बोलपत्र खरिद, दाखिला तथा खोलिने मिति :

क. बोलपत्र खरिद गर्ने अन्तिम मिति : २०७५।३।७ गते कार्यालय समय सम्म
ख. बोलपत्र दाखिला गर्ने अन्तिम मिति : २०७५।३।८ गते दिनको २:०० बजे सम्म
ग. बोलपत्र खोलिने मिति : २०७५।३।८ गते दिनको ३:०० बजे

**यस ठेक्काहरुको दररेट, लगायत अन्य आवश्यक कुरा बुझ्नु परेमा कार्यालय समयमा न.पा.का. को राजश्व शाखामा सम्पर्क राख्न सकिने छ ।**